# निक्षेप तथा कर्जा सुरक्षण कोष

०१-४४१०६५९
फोन नं. ०१-४४२१२४१
०१-४४१७६०२
फ्याक्स नं. ९७७-४४३१७१०
E-mail: info@dcgf.gov.np
info@dcgf.org.np
Website: www.dcgf.gov.np
टंगाल, काठमाडौं


## प्रेस विज्ञप्ति

आज मिति २०७९ साल असोज ४ गते मंगलबारका दिन यस कोष स्थापनाको ४८ वर्ष पूरा गरी ४९ वर्ष प्रवेशको अवसरमा राष्ट्रिय सभागृह प्रदर्शनीमार्ग काठमाडौंमा ४९ औं वार्षकिोत्सव समारोहको आयोजना गरियो । माननीय अर्थ मन्त्री श्री जनार्दन शर्मा प्रभाकरज्यूको प्रमुख आतिथ्यमा सञ्चालन भएको सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारी विशिष्ट अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। कोषको सञ्चालक समितिका अध्यक्ष समेत रहनु भएका अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री रामेश्वर दंगालले सभाध्यक्षता गर्नु भएको सो कार्यक्रममा बिभिन्न सार्वजनिक संस्थानका प्रमुख कार्यकारी अधिकृतहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरु, कोषका वर्तमान तथा पूर्व सञ्चालकहरु लगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा सबैभन्दा बढी निक्षेप सुरक्षण गराउने राष्ट्रिय वाणिज्य बैंक र सबैभन्दा बढी कर्जा सुरक्षण गराउने डिप्रोक्स लघुवित्त वित्तीय संस्थालाई सम्मान गरिएको थियो । त्यसका साथै कोषमा २० वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरु तथा ४९ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको खेलकुद कार्यक्रममा बिजेता भएका कर्मचारीहरुलाई पुरस्कृत गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरेले २०३१ साल असोज ४ गते स्थापना भएको कोषको विगत देखि हालसम्मको उपलब्धीको बारेमा चर्चा गर्नु भएको थियो । यसका साथै उहाँले सुरक्षणका क्षेत्रहरुको दायरा विस्तार गर्दै कोषको सांगठनिक संरचना र कार्यप्रणाली सुधार गर्ने लगायतका विषयमा कोषको भावि योजनाको बारेमा समेत बोल्नु भएको थियो।

निक्षेप तथा कर्जा सुरक्षण कोष
काठमाण्डौं
२०३१

निक्षेप तथा कर्जा सुरक्षण कोष

०१-४४१०६५९
फोन नं. ०१-४४२१२४१
०१-४४१७६०२
फ्याक्स नं. ९७७-४४३१७१०
E-mail: info@dcgf.gov.np
info@dcgf.org.np
Website: www.dcgf.gov.np
टंगाल, काठमाडौं

उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै माननीय अर्थ मन्त्री श्री जनार्दन शर्मा प्रभाकरज्यूले गरिबी निवारण तथा स्वरोजगार सृजना गर्ने क्षेत्रमा लगानी भएको कर्जा सुरक्षण गरी वित्तीय पहुँच विस्तार गर्न कोषले खेलेको भूमिकाको प्रशंसा गर्नु भयो। उहाँले साना किसान तथा लघु उद्यमीहरुलाई लगानी बढाउने गरी नीति बन्दै गरेको र त्यस कुरालाई कोषसँग जोडेर हेरिरहेको बताउनु भयो । त्यस्तै कोषले हाल जति गरिरहेको छ त्यो अपर्याप्त रहेको र दायरा विस्तार गर्न आफू तयार रहेको कुरा बताउनु भयो । उहाँले मुलुकको समग्र आर्थिक विकासका लागि आयात प्रतिस्थापन मुख्य विषय भएको र सोको लागि बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनै पर्ने र त्यसमा कोषको भूमिका ठूलो रहने कुरा बताउनु भयो ।

विशिष्ट अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूले वर्षिकोत्सवको अवसरमा कोषको सञ्चालक समिति लगायत कोष परिवारलाई बधाई ज्ञापन गर्दै नेपाल राष्ट्र बैंकको प्रभावकारी नियमनका कारण बैंक तथा वित्तीय संस्थाहरुमा कम समस्या रहेको भएतापनि वित्तीय संकटको अवस्थामा कोषले नेतृत्वदायी भूमिका खेल्नु पर्ने बताउनु भयो । सोको लागि बाधा व्यवधान रहेमा कोषको ऐन नै परिमार्जन गरेर भएपनि हटाउनु पर्ने र सोको लागि आवश्यक सबै किसिमका सहयोग गर्न नेपाल राष्ट्र बैंक तयार रहेको बताउनु भयो ।

कार्यक्रमका सभाध्यक्ष श्री रामेश्वर दंगालज्यूले कोषको हालसम्मको प्रगतिको सराहना गर्दै कोषको भावि योजना पूरा गर्न आफू सञ्चालक समितिको अध्यक्षको हैसियतले सँधै तयार रहेको बताउँदै सो कार्यक्रम समापन गर्नु भएको थियो ।

मिति २०७९।०६।०४

निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं

निक्षेप तथा कर्जा सुरक्षण कोष
काठमाण्डौं
२०३१